राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. २०७९/८०
चलानी नं.

ईमेल: raináskrishi@gmail.com
3FVX+G4P

## धानबाली प्रवर्द्धन कार्यकमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना
## (पहिलो पटक सुचना प्रकाशित मिति २०७९/१०/२९)

राइनास नगरपालिका आ.व. २०७९/८० को लागि संघीय सरकारबाट स्वीकृत कार्यक्रम अनुसार धानबाली प्रवर्द्धन कार्यकम संचालन गर्न तपशिल बमोजिमका शर्तहरु पुरा गर्न सक्ने इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म /कृषि कम्पनीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित कागजात सहित राइनास नगरपालिका कृषि विकास शाखा, तीनपिप्लेमा निवेदन पेश गर्नको लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.स. | कार्यकम | बजेट ( रु.हजारमा ) | संचालन गर्न सकिने कार्यकम | कैफियत |
|---|---|---|---|---|
| १. | धानबाली प्रवर्द्धन कार्यकम | २५,५० | क्षेत्र विस्तार, प्रबर्धन/खेती प्रविधि प्रर्दशन कार्यकम, साना सिंचाई, धान बिकिमा प्रोत्साहन, स्थलगत तालिम, मेशिनरी औजर उपकरण, माटो जाँच सेवा, हरियो मल प्रयोग प्रदर्शन, उन्नत बिउ वितरण/धान बाली संरक्षण सेवा लगायत अन्य सामाग्रीहरु/कार्यकमहरु | प्रत्येक ब्लकलाई २०० रोपनी क्षेत्रफल भन्दा कम नरहुने गरी यथासम्भव एक अर्कामा जोडिएका प्लटहरुबाट बनेको ( बढिमा ५ वटा सम्म उत्पादन ब्लक निर्माण गर्नुपर्ने ) |

**आवश्यक कागजातहरु**

१. निवेदन र निवेदकको नागरीकताको प्रतिलिपि

२. ब्लक संचालन हुने ठाउँको जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि

३. कृषक समुह/कृषि सहकारी/कृषि फर्म /कृषि कम्पनी तथा कृषि उद्यमीको हकमा दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, समुह सहकारीको हकमा समितिको बैठकको निर्णयको प्रतिलिपि

४. कार्यकम संचालन गर्ने प्रतिबद्धता र कार्ययोजना

५.निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि

६. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित वडाको प्रमाण

७. सम्बन्धित वडाको सिफारिस पत्र

१०/२९

.........................
गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत

गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## बाली विकास तथा कृषि जैविक विविधता संरक्षण (राष्ट्रिय खाद्य मिसन) कार्यक्रम

**३१.कार्यक्रमको नाम : धानबाली प्रवर्द्धन कार्यक्रम/ मकैबाली प्रवर्द्धन कार्यक्रम/ गहुँबाली प्रवर्द्धन कार्यक्रम**

**(१) परिचयः** पछिल्ला केहि वर्षहरुमा धान, चामल, मकै र गहुँ लगायतका वस्तुको आयात उच्च दरमा बढ्दै जाँदा खाद्य असुरक्षा र परनिर्भरता बढ्दै गएको छ भने वैदेशिक मुद्रा संचितिमा समेत नकरात्मक असर पर्न गरेको छ । यसर्थ प्रमुख खाद्यान्न बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकास मार्फत देशमा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न र प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्युनीकरण गर्न संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत तोकिएका प्रदेश र स्थानीय तहहरुमा राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत धानबाली प्रवर्द्धन कार्यक्रम/मकैबाली प्रवर्द्धन कार्यक्रम/ गहुँबाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुने छ ।

**(२) उद्देश्यः**

(क) देशमा प्रमुख खाद्यान्न बालीहरु धान (मसिनो र मध्यम मसिनो प्रकृतिको धान), मकै र गहुँको स्थानीय स्तरमा उत्पादन वृद्धि गरि खाद्य पोषण सुरक्षामा सुधार गर्ने ।

(ख) उपलब्ध उत्पादन सामग्री र स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्न र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत पुर्याउने ।

(ग) आयात कम गरि प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाउने ।

**(३) लक्षित समुहः** कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु एवं उत्पादन सामग्री आपूर्ति, बाली उत्पादन, प्रशोधन, भण्डारण र बजारिकरणसंग सम्बन्धित नीजि फर्म, उद्योगी तथा व्यवसायीहरु लगायत मूल्य श्रृंखलाका अन्य सरोकारवालाहरु ।

**(४) धान बाली प्रवर्द्धन कार्यक्रम (स्थानीय तह)**

**४.१ प्रमुख क्रियाकलापका क्षेत्र र क्रियाकलापहरुको विस्तृत विवरणः**

**(क) मसिना धान र चैते धानको क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग**

- धानबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि चैते र मसिना जातको धानको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।
- अनुसन्धानबाट सिफारिश एवं नेपालमा विकास भई उन्मोचन गरिएका चैते र मसिना जातको धान एवं नेपाली हाइब्रिड धानको क्षेत्रफल विस्तारका लागि प्रति कृषक १ किलोका दरले उन्नत जातको बीउ किट सत प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ । नेपाली हाइब्रिड धानको हकमा प्रति किट १ किलो बीउको लागि अधिकतम् रु.१०० खर्च गर्न सकिने छ ।
- उच्च उत्पादन दिने नेपालमा विकास भएका मसिनो जात (नेपाली हाइब्रिड समेत) धानको बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि तराईमा कम्तीमा ५ कट्ठा र पहाडमा ३ रोपनी क्षेत्रफलमा प्रदर्शनका क्रियाकलाप संचालन गर्न सकिनेछ । उक्त क्षेत्रफलमा सञ्चालन गरिने प्रदर्शनमा प्रयोग गरिने बीउ र नेपाल सरकारले वितरण गर्ने अनुदानको डिएपी/युरिया/म्यूरेट अफ पोटास मल क्रमशः २ किलो, ७ किलो र ३ किलो सत प्रतिशत अनुदानमा एवं प्रदर्शन बोर्डको खर्च उपलब्ध गराउन सकिने छ ।
- कम्तिमा १० हे. मा एकै जातको मसिनो धान वा चैते धानको सामुदायिक खेति (Community Farming) गर्ने कृषक समूह, सहकारीलाई प्रति कट्ठा बढीमा रु.६००/- वा प्रति रोपनी रु.९००/- का



सचिव

दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

- कम्तिमा तिन वर्ष लगातार चैते धान खेति नगरिएको स्थानमा सिफारिश जातको चैते धान खेति गर्ने कृषकलाई प्रति कट्ठा बढीमा रु.६००/- वा प्रति रोपनी रु.९००/- का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ भने अन्य नियमित रुपमा चैते धान खेति गर्ने कृषकको पनि प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न प्रति कट्ठा बढीमा रु.४००/- वा प्रति रोपनी रु.६००/- का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। चैते धान लगाएको ४५ दिन पश्चात सम्बन्धित स्थानीय तहको कृषि प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।
- धान बाली कटानी पछि खालि हुने स्थानमा छोटो समयमा तयार हुने तेलहन तथा दलहन बाली लगाउन इच्छुक कृषकलाई बढिमा ५ कट्ठा वा ३ रोपनी सम्मको लागि तेलहन तथा दलहन बालीको उन्नत बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ ।
- मसिना जातको धान तथा चैते धानको मूल/श्रोत तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्रात उत्पादक कृषक समूह, कम्पनी, सहकारी एवं सामुदायिक बीउ बैंकलाई श्रोत तथा उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान र उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान उपलब्ध गराउन बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ बमोजिम संचालन हुने विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System) मा आवद्ध हुन प्रोत्साहित गर्नुपर्नेछ। तर, यस कार्यक्रम लागु भएका स्थानीय तहहरुमा बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ बमोजिम संचालन हुने उन्नत बीउ प्रयोगमा मूल्य अनुदान कार्यक्रमका लागि कार्यक्रम र बजेट विनियोजन नभएको अवस्थामा उपरोक्त निर्देशिका बमोजिम उपलब्ध हुने मूल्य अनुदान नियमानुसारको खरिद प्रकिया अपनाई उपलब्ध गराउन सकिनेछ र बीउ बिजनको गुणस्तर कायम गर्नका लागि यसरी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सरकारी प्रयोगशालामा गरिएको बीउको सम्पूर्ण विश्लेषण प्रतिवेदन, श्रोत बीउ खरिद विवरण, बिक्री बील अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । बीउ उत्पादनमा संलग्न कृषक समूह, कम्पनी, सहकारी तथा सामुदायिक बीउ बैंकलाई बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, सिड ट्रिटिङ्ग ड्रम, त्रिपाल लगायतका बीउ उत्पादन र प्रसोधन तथा बजारिकरणमा प्रयोग हुने सामग्रीहरु आवश्यकताका आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ ।

(ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा

- यस अन्तर्गत मसिना धान र चैते धानका नँया उन्मोचित जात वा कृषि अनुसन्धान केन्द्रहरुबाट प्राप्त हुने उन्मोचन क्रममा रहेका उत्कृष्ट जातहरुको कृषक स्तरमा प्रति प्रदर्शन तराईमा कम्तीमा १.५ कट्ठा वा पहाडमा १ रोपनी क्षेत्रफल हुने गरी जातीय प्रदर्शन/परिक्षण संचालन गर्न सकिनेछ। यस्तो प्रदर्शनमा उन्नत बीउ, सिफारिश अनुसारको रासायनिक मलखाद, सुरक्षित विषादि र प्रदर्शन बोर्ड आदिको लागि सत प्रतिशत अनुदान उपलब्ध गराउन सकिने छ ।
- स्थानीय स्तरमा प्रादेशिक माटो परीक्षण प्रयोगशालासंगको समन्वयमा माटो जाँच शिविर संचालन गर्न सकिने छ। माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरुलाई ५० प्रतिशत



सचिव

अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सकिने छ। त्यस्तै ५० प्रतिशत अनुदानमा हरियो मलको लागि ढैंचाको बीउ र सुक्ष्म तत्व (जिङ्क सल्फेट, मोनो हाइड्रेट) लगायत वितरण गर्न सकिने छ ।

- रोग कीरा रोकथाम तथा झारपात नियन्त्रणका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा ५० प्रतिशत अनुदानमा रोग किरा नाशक विषादी र उपकरण वितरण गर्न सकिने छ ।
- तालिम आवश्यकता पहिचानको आधारमा एवं नविनतम् प्रविधिहरुबारे कृषक एवं कृषि उधमीहरुको ज्ञान, सिप एवं क्षमता अभिवृद्धि हुने खालका स्थलगत (१ दिने) तालिम स्थानीय तहको प्रचलित नर्मस अनुसार संचालन गर्न सकिनेछ । तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र वा कृषि अनुसन्धान केन्द्रबाट प्रशिक्षकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

### (ग) कृषि यान्त्रीकरण सहयोग

- यस अन्तर्गत कृषक समूह र कृषि सहकारीहरुलाई उत्पादन, प्रशोधन र बजारिकरणमा उपयोग हुने साना कृषि मेशिनरी औजार जस्तै: पावर/मिनि टिलर, बिडर, मिनि हार्भेष्टर, रिपर, मिनि थ्रेसर, ब्रस कटर, कम्बाइन मिल, स्प्रेयर र सिड ट्रिटमेन्ट ड्रम लगायतका मेशिन/सामग्रीहरु सामुहिक प्रयोजनको लागि ५० प्रतिसत अनुदानमा वितरण गर्न सकिनेछ ।
- स्थानीय तहभित्रका व्यक्तिगत फर्म, सामुदायिक संस्था, कृषि समूह वा सहकारीसंग लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि साना तथा मझौला कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । सो का लागि कृषि शाखाले कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक अध्ययन गरेका प्राविधिकले तयार गरेको स्पेशिफिकेशन र लागत अनुमानका आधारमा मूल्याङ्कनको आधार बनाइ लाभग्राहीको छनौट गर्न सकने छ । मेशिनरी खरिदको लागि प्रचलित आर्थिक नियम बमोजिम सम्झौता गरि एवं पेश्की उपलब्ध गराइ मेशिन खरिद गरि कष्टम हायरिङ्ग सेन्टर स्थापना गरेपछि कार्य सम्पन्न प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी दिनु पर्नेछ। यसरी स्थापना हुने कष्टम हायरिङ्ग सेन्टरहरुले स्थानीय कृषकहरुलाई प्रचलित बजार मूल्य भन्दा कम दरमा भाडामा कृषि यन्त्र तथा उपकरण उपलब्ध गराउनु पर्नेछ ।
- सामुदायिक वा व्यक्तिगत रुपमा स्थानीय तहमा स्थापना भएका कष्टम हायरिङ्ग सेन्टरहरुबाट कृषकहरुले कृषि यन्त्र तथा मेशिनरी भाडामा लिई प्रयोग गर्न सक्नेछन् । यसरी मेशिन भाडामा प्रयोग गर्दा मेशिन भाडा बापत लाग्ने कुल खर्चमा कृषकहरुलाई ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ।
- चक्लाबन्दी गरि उत्पादन लागत घटाउन कम्तिमा १० हेक्टरमा चक्लाबन्दी गर्न जमीन सम्याउन तथा ग्रहा सुधारको लागि प्रोत्साहन सहयोग स्वरुप प्रति हेक्टर बढिमा रु. १००००/- उपलब्ध गराउन सकिने छ ।

### (घ) साना सिंचाई सहयोग

- यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा अनुदान उपलब्ध गराउन सकिने छ । सार्वजनिक/सामुदायिक साना सिंचाईमा बढिमा ८५ प्रतिशत अनुदान र व्यक्तिगत साना सिंचाई स्किमको लागि बढिमा ५० प्रतिशत अनुदान उपलब्धगराउन सकिने छ । कृषकहरुको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिंचाई स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्न सकिनेछ। कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना



सचिव

बढीमा रु. ७५०००/- र स्यालो ट्युववेल जडानको हकमा प्रति स्किम बढीमा रु. ५०,०००/- अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा भने एक वटा स्किमको लागि मात्र बढिमा रु.१५००००/-सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

(ङ) धान बिक्रीमा आधारित नगद प्रोत्साहन अनुदान

- सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका धान चामल मिलहरुसंग स्थानीय तहमा उत्पादित मसिना जातको धान खरिदको लागि मिलको छनौट गरी आपूर्ति परिमाण, खरिदका शर्त एवं नेपाल सरकारले मध्यम मसिनो जातको धानको लागि तोक्ने न्यूनतम समर्थन मूल्यमा खरिद बिक्रि गर्ने गरि समझदारी गर्न सकिने छ । यसरी छनौट गरिएको मिललाई मसिना जातका धान उत्पादन गरी बिक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी बढिमा रु.५(पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ ।यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ ।

(च) स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु

- यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा तोकिएको धान बाली प्रवर्द्धनका लागि आवश्यक ठानिएका क्रियाकलापहरु ब्लकमा आवद्ध कृषकहरु र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा सुचना प्रकाशन एवं सम्झौता गरेर वा कृषि शाखाबाट सोझै संचालन गर्न सकिनेछ । यसरी मागमा आधारित क्रियाकलापहरु मध्ये सिड किट वितरण, प्रदर्शन, तालिम लगायतका क्रियाकलापहरु १०० प्रतिशत अनुदानमा संचालन गर्न सकिने छन् भने अन्य सहयोगको हकमा अनुदान सिमा ५० प्रतिशत भन्दा बढी नहुने गरी संचालन गर्नुपर्नेछ ।

(छ) कार्यक्रम व्यवस्थापन

- यस अन्तर्गत सुचना प्रकाशन, अनुगमन, फिल्ड भेरिफिकेसन, तथ्याङ्क संकलन, र बैठक लगायतका क्रियाकलापहरुमा नियमानुसार खर्च गर्न सकिनेछ ।
- बाली कटानी सम्बन्धी तथ्याङ्क संकलन *(५x२ वर्गमिटर बाट १ नमूनाको दरले ५ वटा Randomized (फरक फरक) नमूना लिई बाली कटानी गरि प्रति हेक्टर उत्पादनको हिसाब निकाल्ने),* बाली उत्पादनको लाभ-लागत तथ्याङ्क संकलन र कार्यक्रम र कृषकहरुसंग सम्बन्धित अन्य विवरण र तथ्याङ्क प्रचलित स्थानीय दररेट अनुसार लागत अनुमानको आधारमा संचालन गर्न सकिनेछ । बाली कटानी तथ्याङ्क संकलनका लागि कटानी भएको बाली परिमाणको स्थानीय दररेट अनुसार सम्बन्धित कृषकलाई क्षतिपूर्ति दिन सकिनेछ । यसरी संकलित विवरण माथिल्लो निकायमा समयमै प्रेषित गर्नुपर्नेछ ।

(५) धान बाली प्रवर्द्धन कार्यक्रम (प्रदेश)

५.१ प्रमुख क्रियाकलापका क्षेत्र र क्रियाकलापहरुको विस्तृत विवरण:

(क) मसिनो जात र चैते धानको क्षेत्र विस्तार र बीउ श्रोत केन्द्र विकास

- धानबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत क्षेत्रफल विस्तारका लागि चैते र मसिना जातको धानको उन्नत बीउ ५० प्रतिशत सम्म अनुदानमा वितरण गर्न सकिनेछ ।
- प्रदेश अन्तर्गतको कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि कार्यालय (यस पछि निकाय भनिने) मार्फत उच्च उत्पादन दिने मसिनो जातको (नेपाली हाइब्रिड समेत) धानको बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि कम्तीमा तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी क्षेत्रफलमा प्रदर्शनका



सचिव

कृषकलाई क्षतिपूर्ति दिन सकिनेछ । यसरी संकलित विवरण माथिल्लो निकायमा समयमै प्रेषित गर्नुपर्नेछ ।

(१०) अपेक्षित उपलब्धिहरु:

(क) प्रमुख खाद्यान्न बालीहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भई देश खाद्यान्न उपलब्धतामा क्रमश: आत्मनिर्भरतातर्फ उन्मुख हुने ।

(ख) धान/ चामल, मकै र गँहुको समग्र मूल्य श्रृखंला विकासमा योगदान दिई बढ्दो आयातलाई न्यूनीकरण गर्नमा सहयोग पुग्ने ।

(ग) उपलब्ध श्रोत साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्युनीकरण र प्रतिस्पर्धात्मक क्षमता बिकास भएको हुने ।

(घ) बीउ प्रतिस्थापन दरमा बृद्धि भई प्रमुख खाद्यान्नबालीको उत्पादन तथा उत्पादकत्व बृद्धि भएको हुने ।

(११) कार्यक्रम संचालन विधि/कियाकलापहरु/न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:

- धानबाली प्रवर्द्धन कार्यक्रम/मकैबाली प्रवर्द्धन कार्यक्रम/गँहुबाली प्रवर्द्धन कार्यक्रमका लागि सर्शत बजेट हस्तान्तरण भएका तोकिएका स्थानीय तहहरुले तोकिएका कार्यक्रमहरु उत्पादन ब्लकमा (एक स्थानीय तहमा बढीमा ५ बटा ब्लक) संचालन गर्नुपर्नेछ । यसरी उत्पादन ब्लक छनौट गर्दा भवन, बाटो वा कूलोले ओगटेको क्षेत्र बाहेक यथासम्भव भएसम्म एकआपसमा जोडिएका जग्गाका प्लटहरुबाट बनेको हुनु पर्नेछ । प्रत्येक ब्लकको क्षेत्रफल/ साइज निम्नानुसार हुनु पर्नेछ:

| बाली | पहाड (हे.) | तराई (हे.) |
|---|---|---|
| धान | १० | २० |
| मकै | ५ | १० |
| गहुँ | ५ | १० |

- उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु सार्बजनिक सुचना आबहान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राहीसंग सम्झौता गरेर संचालन गर्नुपर्नेछ भने त्यस्ता क्रियाकलापका लागि आवश्यक सहयोगी क्रियाकलापहरु कृषि शाखाले नियमानुसार आफैले संचालन गर्न सक्नेछ ।
- स्थानीय तहले तोकिएको बालीमा मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ भने कुनै स्थानीय तहमा एकभन्दा बढी बालीको लागि सर्शत बजेट हस्तान्तरण भएको भए प्रत्येक बालीको लागि छुट्टाछुट्टै कार्यक्रम बिस्तृतिकरण गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।
- प्रदेश तहबाट सञ्चालन गरिने कृयाकलापको हकमा प्रदेशस्थित कृषि क्षेत्र हेर्ने मन्त्रालयले प्रदेश स्थित धानबाली/मकैबाली/गँहुबाली प्रवर्द्धन कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई लक्षित गरि सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र/कृषि बिकास कार्यालयमा सशर्त अनुदान बजेट पठाउनु पर्ने छ । प्रादेशिक कृषि मन्त्रालय वा कृषि बिकास निर्देशनालयले अत्यावश्यक भएको अवस्थामा अनुगमन लगायतको प्रयोजनको लागि बिनियोजित बजेटको बढिमा ५ प्रतिसत राखि बाँकि बजेट छनौट गरिएका प्रादेशिक कृषि इकाईहरुमा पठाइदिनु पर्ने छ ।
- जिल्लास्थित कृषि ज्ञान केन्द्र/कृषि बिकास कार्यालयले समन्वय गरि स्थानीय तहले सञ्चालन गर्ने कृयाकलापलाई सहयोग पुग्ने गरि क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने छ।

सचिव

- संघीय सशर्त बजेटको आकारको आधारमा स्थानीय तहमा धानबाली/मकैबाली/गँहुबाली प्रवर्द्धन कार्यक्रम लागू नभएका जिल्लाहरुमा आवश्यकता अनुसार यस कार्यविधि बमोजिम कृयाकलाप सञ्चालन गर्न सकिने छ ।
- जिल्लास्थित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयले धानबाली/मकैबाली/गँहुबाली प्रवर्द्धन कार्यक्रम लागू भएका स्थानीय तहहरुसंग नियमित सम्पर्कमा रहि कार्यक्रम सञ्चालनको लागि आवश्यक मार्गदर्शन र प्राविधिक तथा व्यवस्थापकिय सहयोग गरिदिनु पर्ने छ ।
- जिल्लास्थित कृषि इकाईहरुले सहयोग र अन्य अनुदान कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय तह बाट संचालित कार्यक्रमसँग दोहोरो नपर्ने गरि संचालन गर्नु पर्ने छ ।
- यस कार्यविधिमा कुनै कृयाकलाप सञ्चालन गर्दा खर्च गर्न सकिने बजेट र अनुदानको सीमा लगायतका विषय उल्लेख नभएको अवस्थामा बजेटको उपलब्धता र आवश्यकताको आधारमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुने गरि लागत अनुमान तयारी तथा बजेट बाँडफाँड गरि कृयाकलाप सञ्चालन गर्न सकिने छ ।

**३२.कार्यक्रमको नाम: रैथाने बाली प्रवर्द्धन कार्यक्रम**

**(१)परिचय:** स्थानीय खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार गर्न तथा प्रमुख खाद्यान्नको तिव्र दरमा भई रहेको आयात न्यूनिकरण गरी प्रमुख खाद्यान्नमा आत्मनिर्भता तर्फ अघि बढ्न रैथाने खाद्यान्न बालीहरुको उत्पादन एवं उत्पादकत्व बृद्धि र मूल्य श्रृंखला विकासमा सहयोग पुर्याउन संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अन्तर सरकारी वितिय हस्तान्तरण मार्फत सातै प्रदेश र तोकिएका स्थानीय तहहरु मार्फत राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन हुनेछ ।रैथाने बाली अन्तर्गत कोदो, कागुनो, चिनो, उवा लगायतका बालीहरुलाई प्राथमिकतामा राखि यो कार्यक्रम सञ्चालन गरिने छ । तथा स्थान विशेषको सम्भाव्यता र विद्यमान लोकप्रियताको आधारमा अन्य रैथाने बाली एवं जातहरुका लागि पनि यो कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

**(२) उद्देश्य:**

- स्थानीय खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने।
- रैथाने बालीको उत्पादन बृद्धि तथा बजार प्रवर्द्धन गरि कृषकहरुको आयस्तरमा बृद्धि गराउने ।
- रैथाने बालीहरुको संरक्षण संरक्षण मार्फत जातिय विकास र जैविक बिबिधता संरक्षणमा टेवा पुर्याउने ।

**(३) लक्षित समुह:** कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, होमस्टे संचालक, रैथाने बालीको परिकार बिबिधिकरण तथा कच्चा पदार्थको उत्पादन र बजारिकरणमा संलग्न व्यक्ति, फर्म तथा सामुदायिक संस्थाहरु लगायत मूल्य श्रृंखलाका अन्य सरोकारवालाहरु।

**(४) संचालन गरिने प्रमुख कियाकलापहरु (स्थानीय तह):**

**४.१ कियाकलापहरुको विस्तृतीकरण**

**(क) रैथाने बाली क्षेत्र विस्तार सहयोग तथा प्रोत्साहन अनुदान**

**(१) बीउ किट वितरण:** रैथाने बालीको उन्नत एवं सूचिकृत रैथाने जात र स्थानीय स्तरमा लोकप्रिय जातको बीउ वितरण गर्न सकिनेछ ।सो का लागि प्रति किट बढिमा रु १००। का दरले निशुल्क वितरण गर्न सकिनेछ ।



सचिव